का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २१८
❒ ६ असोज २०७८, बुधबार
❒ 22 September 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# बल्ल मन्त्रिपरिषद् विस्तार

## परराष्ट्रमन्त्री डा. नारायण खड्का



प्रधानमन्त्री नियुक्त भएको अढाइ महिना हुन लाग्दा प्रधानमन्त्री शेरबहादुर देउवाले बल्ल मन्त्रिपरिषद् बिस्तारको गृहकार्य अगाडि बढाएका छन् । मंगलबार बसेको सत्तारुढ गठबन्धनको बैठकले परराष्ट्रमन्त्रीमा डा.नारायण खड्का नियुक्त गर्ने निर्णय गरेको छ ।

**आभा शर्मा/मध्यान्ह**
काठमाडौं, ५ असोज ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको डेढ महिना हुन लाग्यो । सर्वोच्च अदालतको परमादेशअनुसार, देउवा गएको २९ असारमा प्रधानमन्त्री नियुक्त भएका थिए । तर अहिलेसम्म प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार गर्न सकेका थिएनन् ।

प्रधानमन्त्री देउवासँगै बालकृष्ण खाँण गृह, जनार्दन शर्मा अर्थ, ज्ञानेन्द्रबहादुर कार्की कानून र पम्फा भुसालले उर्जा मन्त्रीको शपथ लिएका थिए । तर झण्डै डेढ महिनासम्म मन्त्रिपरिषद् बिस्तार हुन सकेन । गएको १० साउनमा प्रधानमन्त्री देउवाले उमेश श्रेष्ठलाई स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे ।

बाँकी १७ मन्त्रालय प्रधानमन्त्री देउवाले आफै चलाउँदै आएका थिए । संसद्मा बहुमत जोगाउन यो बीचमा नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) बाँकी पृष्ठ २ मा

### उल्ट्याउँदै राजनीतिक निर्णय

भूमि आयोग, प्रदेश प्रमुख लगायत एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारले गरेको राजनीतिक निर्णय उल्ट्याउदै अगाडि बढेको प्रधानमन्त्री देउवाले मंगलबार थप निर्णय गरेका छन् । मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले ओली नेतृत्वले नियुक्त गरेको राजदूतहरु फिर्ता बोलाउने निर्णय गरेको छ ।

ओली सरकारले राजनीतिक नियुक्तिका आधारमा नियुक्त गरेका सबै राजदूत फिर्ता बोलाउने निर्णय भएको प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले बताए । सरकारले चीन, भारत, संयुक्त राज्य अमेरिका लगायत राजदूत फिर्ता गर्ने निर्णय गरेको हो ।

परराष्ट्र सेवाबाट गएका राजदूत भने फिर्ता हुने छैनन् । संयुक्त राज्य अमेरिकाका लागि डा. युवराज खतिवडा, चीनका लागि महेन्द्रबहादुर पाण्डे, भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्य बंगलादेशका लागि नेपाली राजदूत डा.वंशीधर मिश्र, बेलायतका लागि नेपाली राजदूत लोकदर्शन रेग्मी लगायत फिर्ता हुनेछन् ।

ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली, जापानका लागि नेपाली राजदूत प्रतिभा बाँकी पृष्ठ २ मा

# कामदारमाथि रेमिट्यान्स कम्पनीहरुको आँखा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ असोज

नेपालीहरूको महान चाड दशै, तिहार तथा छठ पर्व नजिकिँदै गर्दा वैदेशिक रोजगारमा रहेका नेपाली कामदारमाथि रेमिट्यान्स कम्पनीहरूले आँखा लगाउन थालेका छन् । नेपाली कामदारको आर्जनलाई आधार बनाएर खोलिएका रेमिट्यान्स कम्पनी वर्षैभरी कामदारको कारोवारमा निर्भर रहने गरेपनि चाडपर्वमा उनीहरूले सकेसम्म धेरै रकम पठाउने भएका कारणले रेमिट्यान्स कम्पनी विशेष चनाखो भएका हुन् ।

राष्ट्र बैंकले बैकिङ च्यानलको औपचारिक माध्यममार्फत रेमिट्यान्स भित्र्याउन र भित्रिएको रेमिट्यान्स बैंकमा जम्मा गरेमा सामान्य भन्दा १ प्रतिशत बढी ब्याज दिनुपर्ने नीति लिएको छ भने रेमिट्यान्स कम्पनीहरुले पनि विभिन्न अफरहरु ल्याई वैदेशिक रोजगारीमा रहेका कामदारहरूलाई आकर्षित गर्न थालेका छन् ।

चाडपर्वमा घरपरिवारको खर्च बढ्ने भएका कारण कामदारहरुले अन्य अवधिमा भन्दा १५ देखि २० प्रतिशत बढी रेमिट्यान्स पठाउने गरेको रेमिट्यान्स कम्पनी सञ्चालकहरूको अनुभव छ ।

कोरोना महामारीका कारण वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्यामा पछिल्ला वर्षहरूमा उल्लेख्य गिरावट अएपनि नेपाल भित्रिने रेमिट्यान्स खासै नघटेको राष्ट्र बैंकले जनाएको छ । बैंकका अनुसार गत आर्थिक वर्ष ९ बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा बेपत्ता कामदार जेलमा भेटिए

**रामप्रसाद सुवेदी संगम/मध्यान्ह**
मलेसिया, ५ असोज

मलेसियामा लामो समयदेखि बेपत्ता एक नेपाली कामदार जेलमा फेला परेका छन् । मेचीनगर-३ झापाका निर्मल पोखेल लामो समयदेखि परिवार तथा साथीहरूको सम्पर्क बाहिर पुगेका थिए ।

मलेसियाको एक सेक्युरिटी कम्पनी मार्फत सुरक्षागार्डको रोजगारी गर्दै आएका उनी अवैधानिक हैसियतमा रहेका थिए । मलेसियन अध्यागमन विभागको छापामा पर्दा पक्राउ परेका उनी हाल मलेसियाको पुत्राजायास्थित अध्यागमन विभागको नियन्त्रणमा रहेको र छानविन शाखामा अनुसन्धानको क्रममा रहेको बाँकी पृष्ठ २ मा



# चाँगुनारायण नगरपालिका विश्वकै उत्कृष्ट १० मा

**भक्तपुर/मस**–संयुक्त राज्य अमेरिकाको न्युयोर्क विश्वविद्यालय स्कुल अफ इञ्जिनीयरिङअन्तर्गत सञ्चालित द गोभल्याबको ओपन सिटी इन्क्युबेटर कार्यक्रममा भक्तपुरको चाँगुनारायण नगरपालिका विश्वकै उत्कृष्ट १० नगरपालिकाभित्र पर्दै उपाधि हासिल गरेको छ ।

अन्तर्राष्ट्रिय जगत्मा नेपालको तर्फबाट यस प्रकारको उपाधि जित्ने चाँगुनारायण नगरपालिका पहिलो भएको नपाका सूचना प्रविधि अधिकृत सिद्धान्त न्यौपानेले जानकारी दिए । ओपन सिटी इन्क्युबेटरमा सहभागी भएर यो उपाधि जित्ने चाँगुनारायण नगरपालिका नेपालकै पहिलो नगरपालिका भएको उनको भनाइ छ । नेपालको नगरपालिकाबाट सहभागिता जनाउने न्यौपाने यस कार्यक्रमको लागि पहिलो सहभागीसमेत हुन् ।




नगरपालिकाको तथ्यांक व्यवस्थापन एवं खुला तथ्यांक प्रणालीको क्षेत्रमा संसारका उत्कृष्ट १० सहरको छनोटमा चाँगुनारायण नगरपालिका परेको र नगरपालिकाको तर्फबाट सूचना प्रविधि अधिकृत न्यौपाने सहभागिता जनाउने गरी छनोटमा पर्नुभएको नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्रले बताए । चाँगुनारायण नगरपालिकाले विकास गरेको नेपालकै पहिलो ओपन डाटा प्लेटफार्मको कारण यो उपाधि हासिल गरेको उनको भनाइ छ । चाँगुनारायण नगरपालिकासँगै अमेरिकाको सिटी अफ न्यूयोर्क, क्यानडाको सिटी अफ विन्निपेग, इजराइलको वियर सिभा, अमेरिकाको सिटी अफ अल्बिकियु, अमेरिकाको सिटी अफ स्यरक्यूस, रोमानियाको तिमिसोअरा, अर्जेन्टिनाको मिनडोजा सिटी, अमेरिकाको मिसोउरी, इक्वेटरको सिटी अफ ग्युएक्युल उत्कृष्ट १० मा पर्न सफल भएका छन् ।

ओपन सिटी इन्क्युबेटर कार्यक्रममा छनोट हुने सहरले आगामी छ महिनासम्म संसारका विश्व प्रसिद्ध डाटा विज्ञबाट दिइने तालिममा समेत सहभागी भई आफ्ना डाटासम्बन्धी गतिविधि एवं कार्यक्रमलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डअनुसार तयार पार्नेछ । कार्यक्रममा छनोट भएका सहरको घोषणा सोमबार न्युयोर्कस्थित एक भर्चुअल कार्यक्रममार्फत गरिएको नपाका सूचना प्रविधि अधिकृत न्यौपानेले बताए । नेपालजस्तो विकासोन्मुख राष्ट्रको एउटा चाँगुनारायण नगरपालिकाले खुला तथ्यांक प्रविधिको क्षेत्रमा राखेको सोच एवं गतिविधिले यस क्षेत्रमा कार्य गर्ने सम्पूर्णमा उत्साहित बनाएको ओपन सिटी इन्क्युबेटरका कार्यक्रम सञ्चालक एन्ड्रिइन्नी स्हमोकरले बताएका उनले जानकारी दिए । सूचना प्रविधि अधिकृत न्यौपानेले भने, 'माइक्रोसफ्ट, मास्टरकार्ड सिटी पोसिबल, लुमिइन्ट, एनवाइयु सियुएसपी, द पब्लिक सेक्टर नेटवर्कजस्ता विश्व विख्यात कम्पनीद्वारा सञ्चालित कार्यक्रम हो, यो ।' ओपन सिटी इन्क्युबेटर विश्वभरका सहरबाट उत्कृष्ट डाटा आविष्कार सफलता र मापनलाई समर्थन गर्ने महत्वपूर्ण कार्यक्रम भएको उनको भनाइ छ । उनका अनुसार यस कार्यक्रममा छनोट हुने सहरका १० अधिकारी एवं सल्लाहकारलाई प्रशिक्षण एवं अन्तर ाष्ट्रियस्तरमा आफ्नो विचारको लागि पहुँचको उपयोग गर्ने, विभिन्न सहरी चुनौतीको सामना गर्न, अत्याधुनिक काममा सक्षम बनाउनेछ र अधिकारीलाई डाटा सहयोगी, डाटा साझेदारी सम्झौता एवं अन्य प्रणाली विकास गर्न सशक्त बनाउने छ ।

# सोह्र श्राद्ध सुरु

**काठमाडौं/मस**– प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष मंगलबारदेखि प्रतिपदा तिथि श्राद्ध गरेसँगै सुरु भएको छ । पितृ पक्षको पहिलो दिन प्रतिपदा तिथि श्राद्ध गरिएको छ ।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्र तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ । चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ ।

यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पुरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउँछन् । सोह्रश्राद्ध अपराह्नमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उनले बताए ।

यस अवसरमा उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया, नुवाकोट र रसुवाको सङ्गमस्थल बेत्रावती, देवघाट, त्रिवेणी लगायत तीर्थस्थलमा पनि पितृप्रति श्रद्धासाथ श्राद्ध गर्नेको भीड लागेको छ । नयाँ भेरियन्टसहितको कोरोना भाइरसको संक्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर भक्तजन नदी किनारमा जम्मा भएका छन् । आफ्नो घरभन्दा बाहिर बसेकाले तीर्थमा गई श्राद्ध गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता छ । कारणवश श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्र श्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्म अनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउँछन् ।

यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औँसी अर्थात् लक्ष्मी पूजाका दिन गर्न सकिन्छ । कार्तिक कृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक संक्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ । यो विकल्प अहिले कोरोनाका कारण सृजना भएको जस्तै परिस्थितिका लागि दिइएको हो ।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परेपनि रोकिएको सोह्र श्राद्ध गर्न सकिने शास्त्रीय विकल्प समेत निर्णयसिन्धु, धर्मसिन्धु लगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको नेपाल संस्कृत विश्विद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्रा डा देवमणि भट्टराईले जानकारी दिए ।

त्यसपछि पनि सोह्र श्राद्ध गर्न नसकिएमा सक्नेले आफैं, नसक्नेले ब्राह्मणमार्फत् दैनिक १०८ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको धर्मशास्त्रविद् भट्टराईले जानकारी गराए । विधिपूर्वक यस्तो जप १० महिनासम्म गर्नुपर्छ । यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ । पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडादसैं शुरु हुन्छ । बडादसैं मनाउनुअघि पितृ तृप्तिका लागि सोह्र श्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ ।

# थप ७ जिल्लामा कांग्रेसको वडा अधिवेशन

**काठमाडौं/मस**–नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत मंगलबार थप सात जिल्लामा वडा अधिवेशन भएको छ ।

काठमाडौंसहित काभ्रे, सिन्धुपाल्चोक, कपिलबस्तु, बर्दिया, बाजुरा र मोरङमा वडा अधिवेशन भएको हो । बाँकी १३ जिल्लामा क्रियाशील सदस्यता विवाद मिल्न बाँकी रहेकोले वडा अधिवेशनको टुंगो लागेको छैन ।



गत भदौ १८ गते देशभरका ६ हजार ७ सय ४३ वडामा एकैदिन अधिवेशन गर्ने भने पनि ५७ जिल्लामा मात्रै अधिवेशन भएको थियो । बाँकी २० जिल्लामा मंगलबार अधिवेशन गर्ने कांग्रेसको योजना रहे पनि प्रदेश नम्बर २ का ८ सहित १३ जिल्लाको विवाद कायमै छ । समयमै वडा अधिवेशन हुन नसक्दा कांग्रेसले असोज ९ गते गर्ने भनेको गाउँ/नगर अधिवेशन प्रभावित हुने भएको छ । कांग्रेसले केन्द्रीय महाधिवेशन मंसिर ९ देखि १३ गतेसम्म काठमाडौंमा गर्ने तय गरेको छ ।

## बल्ल....

विभाजन भयो । एमालेबाट अलग भएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादीले वैधानिकता पाइसकेका छन् । जसपाबाट अलग भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले पनि वैधानिकता पाएको छ । जसपाको विवादका कारण संकटमा परेका महन्थ ठाकुर देखि एमालेबाट विद्रोह गरेका माधव नेपालसम्मलाई जोगाउने काम देउवाले दल विभाजन सम्बन्धी अध्यादेश मार्फत् गरे ।

संसदको बहुमत जोगाउन सरकार बिस्तार नगरेका प्रधानमन्त्री देउवाले आज डा.नारायण खड्कालाई परराष्ट्रमन्त्री नियुक्त गर्दैछन् । मंगलबार साँझ बसेको सत्ता साझेदार दलहरुको बैठकले खड्कालाई परराष्ट्र मन्त्री नियुक्त गर्ने सहमति गरेको एक उच्च नेताले बताए । बैठकमा सहभागी ती नेताका अनुसार, थप मन्त्रिपरिषद् बिस्तारबारे समेत आज छलफल हुँदैछ । "थप बैठक बसेर हामी छलफल गर्छौं", ती नेताले भने ।

स्रोतका अनुसार, आज बस्ने सत्ता साझेदार दलहरुको बैठकले थप मन्त्री नियुक्तबारे निर्णय गर्ने संभावना छ । एकीकृत समाजवादी विरुद्ध सर्वोच्च अदालतमा परेको रिटको सुनुवाइ भइरहेकाले सरकार बिस्तारमा ढिलाइ भएको थियो । तर मंगलबार सर्वोच्च अदालतले अन्तरिम आदेश नदिएपछि प्रधानमन्त्री देउवा मन्त्रिपरिषद् बिस्तारतिर लागेका छन् । आज वा भोलि नै थप मन्त्रिपरिषद् बिस्तार गर्ने तयारी भएको स्रोतले जनायो ।

## उल्ट्याउँदै

राणा, कतारका लागि नेपाली राजदूत नारद भारद्वाज, मलेसियाका लागि नेपाली राजदूत उदयराज पाण्डे फिर्ता हुनेछन् । इजरायलका लागि नेपाली राजदूत अञ्जान शाक्य, स्पेनका लागि नेपाली राजदूत दावाफुटी शेर्पालगायत पनि फिर्ता हुनेछन् ।

## मलेसियामा...

मलेसियास्थित नेपाली दूतावासले जनाएको छ ।

उनीसहित अन्य ७ जना अवैधानिक श्रमिकहरु समेत पक्राउ परेको जानकारी प्राप्त भएको छ । दिउँसोको ड्युटीमा खटिएको पोखेलसहित ७ जना सुरक्षागार्डको एक स्थानीय नागरिकबीच सवारी पार्किङको विषयमा विवाद भएपछि प्रहरीले पक्राउ गरेको भएपनि गत अगस्ट ६ तारिखयता परिवार र साथीहरूले जानकारी नपाउँदा उनी बेपत्ता भएको धेरैले अनुमान गरेको बताइएको छ ।

अवैधानिक अवस्थामा पक्राउ परेको विदेशी कामदारलाई मलेसियाले जरिवाना तिराई कालो सूचीमा राखी स्वदेश पठाउने गरेको छ । त्यस्ता व्यक्तिलाई मलेसियामा लामो समय प्रवेशमा रोक लगाइने गरिएको छ ।

## कामदारमाथि...

खर्ब ६१ अर्बभन्दा बढी रेमिट्यान्स भित्रिएको छ ।

नेपालमा रेमिट्यान्स पठाउँदा लाग्ने शुल्क भने महँगो मानिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका तत्कालीन सचिव महेशप्रसाद दाहालको संयोजकत्वमा गठित एक कार्यदलले औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउँदा लाग्ने खर्च घटाउन सुझाव दिएको थियो । तर प्रतिवेदन कार्यान्वयन भइसकेको छैन । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई बुझाइएको प्रतिवेदनमा रोजगार गन्तव्य मुलुकहरुबाट नेपालमा २ सय अमेरिकी डलर पठाउँदा साढे चार प्रतिशत र ५ सय डलर पठाउँदा औसतमा ३ प्रतिशत लागत लाग्ने गरेको उल्लेख छ ।

रेमिट्यान्स लक्षित गरेर आइएमईले 'डबलको डबल अफर', वेस्टर्न युनियनले नेपालमा 'क्यासउत्सव', सिटी एक्सप्रेस मनी ट्रान्सफरले 'सिटी आयो लखपति बनायो' जस्ता प्याकेज ल्याएका छन् । तर उनीहरूले शुल्क भने घटाएको देखिएको छैन ।


**Saudi मा रोजगार** | कम्पनी: AGHADAIR NAJD CONTRACTING ESTABLISHMENT
शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७७/१२/१२ चलानी नं.: ६०१५६१२४ LT. No.: 237779 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 52 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1500 | ४७,०७० | | | | | | | |
| 3. | A.C. Techinician | 1 | 0 | | 1500 | ४७,०७० | | | | | | | |
| 4. | Printing Machine Technician | 1 | 0 | | 1800 | ५६,४८४ | | | | | | | |
| 5. | General Electrician | 1 | 0 | | 1500 | ४७,०७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १३ गते (29 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1411/074/075

**Forever Human Resource solution Pvt. Ltd**
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4353298, 4354685
Mob.: 9851188173, 9851140861, 9803249332, 9851001003, 9818500630

**कतारमा रोजगार** | कम्पनी: MANFORCE TRADING & CONTRACTING CO. WLL
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७७/०८/३० चलानी नं.: ६०१५३८७९ LT. No.: 235484 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 18 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Maker | 17 | 0 | | 1100 | ३५,५५२ | | | | | | | |
| 3. | Assistant | 18 | 0 | | 1100 | ३५,५५२ | | | | | | | |
| 4. | Blacksmith | 10 | 0 | | 1100 | ३५,५५२ | | | | | | | |
| 5. | Receptionist | 5 | 0 | | 1100 | ३५,५५२ | | | | | | | |
| 6. | Messenger | 30 | 0 | | 1100 | ३५,५५२ | | | | | | | |
| 7. | Driver Light | 12 | 0 | | 2000 | ६४,६४० | | | | | | | |
| 8. | Incharge Resp | 6 | 0 | | 2000 | ६४,६४० | | | | | | | |
| 9. | Accountant | 3 | 0 | | 3600 | १,१६,३५२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज १३ गते (29 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८



**भद्रपुर नगरपालिका**
भद्रपुर, झापा, प्रदेश नं.१, नेपाल

**नदीजन्य पदार्थको विक्रीको लागि बिधुतिय बोलपत्र (E-Bid) आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः–२०७८/०६/०६**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(क) र यस भद्रपुर नगरपालिकाको आर्थिक ऐन, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७५, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा भद्रपुर नगरकार्यपालिकाको मिति २०७८/०६/०१ को निर्णय अनुसार यस नगरपालिकाको अङ्ग्याविधक आइइ प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामाग्री उत्खनन् गरी भद्रपुर नगरिपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.०७६/०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुका अधिनमा रहि बिधुतिय बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | BDP/GOODS/RIVER/ NCB-01-078-79 | मेचि नदी प्याकेज न.१ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | २३५०० घ.मि.. | ३४,०१,७१७/३७ (चौतिस लाख एक हजार सात सय सत्र रुपैया सैतिस मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | ३०००।०० |
| २ | BDP/GOODS/RIVER/ NCB-02-078-79 | हडिया तथा निन्दा नदी प्याकेज न.२ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | १२३७५ घ.मि. | १५,९५,१३४/४१ (पन्द्र लाख पन्चानब्बे हजार एक सय चौतिस पैसा एकचालिस) | कबोल अंकको ५(पाँच) प्रतिशत | १०००।०० |
| ३ | BDP/GOODS/RIVER/ NCB-03-078-79 | देउनिया नदी प्याकेज न.३ को नदीजन्य सामाग्री उत्खनन् तथा विक्री | ६००० घ.मि. | ९,०१,८५६/८१ (नौ लाख एक हजार आठ सय छप्पन्न रुपैया एकासी मात्र ।) | कबोल अंकको ५(पाँच) प्रतिशत | १०००।०० |

**शर्तहरुः–**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, भद्रपुर रहेको यस कार्यालयको **खाता नं. २२१०१००३०१०१०००३** मा नगद जम्मा गरेको नगद भौचर यस सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) औं अर्थात मिति २०७८/७/४ गते कार्यालय समय सम्म खरिद गरी र मिति २०७८/७/५ गते १२.०० बजे सम्म बोलपत्र फारम भरि बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गरी पेश गर्नुपर्ने छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक मा रहेको **धरौटी खाता नं. २२१०१००३०३००००३** (**कार्यालय कोड न. ८०१०१११२**) जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्ने छ ।
३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७८/७/५ दिनको १३:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
४. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारामा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुने आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।
५. यस कार्यालबाट गरीएको वातावरिणीय अध्ययन प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिनेछ ।

(**नोटः** विस्तृत जानकारीका लागि यस कार्यालको website: www.bhadrapurmun.gov.np मा समेत हेर्न सकिनेछ ।)

**नि.प्रमुख प्रशासिकय अधिकृत**
**भद्रपुर नगर कार्यपालिकाको कार्यालय**

# एमाले भएको आशंकामा सरकारी वकिलहरुमाथि कारवाही


**काठमाडौं/मस–** कर्मचारीहरुले सरकारले दिएको आदेश पालन गर्नुपर्छ। त्यहीअनुसार अघिल्लो ओली सरकारको विरुद्ध परेको मुद्धामा सरकारको पक्षबाट शशक्तरुपमा प्रतिवाद गर्दै संसद विघटनको कुरालाई सही ठहऱ्याएको भन्दै महान्यायाधिवक्ता कार्यालयले सरकारी वकिलहरुमाथि कारवाही शुरु गरेको छ।

त्यसैक्रममा दोस्रो वरियताका नायव महान्यायाधिवक्ता पदम पाण्डेलाई तेस्रो वरियतामा झारेर उनको ठाउंमा कृष्णजीवी घिमिरेलाई ल्याइएको छ। उनी यस अगाडि वेपत्ता आयोगमा कार्यरत थिए।

स्रोतका अनुसार महान्यायधिवक्ता खम्बबहादुर खातीले आफू निकटहरुलाई कार्यक्षमतामा अब्बल रहे पनि पाण्डे एमाले भएकोले 'कारवाही गरेको' बताउने



गरेका छन्। उनका अनुसार पाण्डेलाई महान्याधिवक्ता कार्यालयबाटै अन्यत्र सरुवा गर्ने प्रयास पनि भैरहेको छ।



पाल्पाका पाण्डे न्याय सेवा सेवाकै काबिल हाकिम मानिन्छन्। यस अघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको साथै राजश्व प्रशासनमा समेत काम गरेका पाण्डे अहिलेसम्म कुनै पनि आर्थिक र न्यायीक विवादमा परेका छैनन्।

उनले गरेका निर्णय र अनुसन्धानहरु निकै प्रभावकारी हुने गरेका न्याय प्रशासनकै अधिकारीहरु बताउंछन्। तर अहिले उनलाई एमाले भएकै आधारमा कारवाही गरिनुले न्यायीक क्षेत्रमा रहेको चरम राजनीतिकरणलाई स्पष्ट पार्ने कानुनी क्षेत्रका व्यक्तिहरु बताउँछन्। त्यस्तै एमाले भएकै आरोपमा सरकारी वकिल श्याम भट्टराईलाई पनि महान्यायाधिवक्ता कार्यालयबाट बेपत्ता आयोगमा सरुवा गरिएको छ। यसलाई पनि उनी माथि गरिएको कारवाहीकै रुपमा लिइएको छ। उनको ठाउंमा पाटन उच्च अदालतका अधिकृत सूर्यराज दाहाललाई ल्याइएको छ।

## उपत्यका डायरी

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह

# वाटु टोलका मानन्धरहरुको बाका देय् आजुलाई दिनको १५ हजारको फुलमाला

भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका अगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको योसिं ठडयाइएपछि प्रारम्भ हुने जात्रा विभिन्न प्रकारका नाचगान, रथयात्रा र देवदेवताको पूजाआजा गरी आठ दिनसम्म मनाइने गरिन्छ।



इन्द्रजात्रामा मरुटोलमा मरुसत्तल र सिंल्यंसत्तःको बीचमा अग्लो डबली बनाई चार सिंहमाथि रहेको खटमा इन्द्रको मूर्तीलाई डोरीले बाँधेर राख्ने चलन छ। संस्कृति विद्हरूका अनुसार आमालाई वसुन्धराको व्रत बस्न आवश्यक पारिजातको फूल र कर्कलो पृथ्वीमा लिन आएका देवराज इन्द्रलाई मालीलाई नसोधि टिपेकोमा चोर सावित गराई डोरीले बाँधी सवैलाई देखाएको भनि मरुटोलमा इन्द्रलाई डोरीले बाँधेर राखेको मूर्ती प्रदर्शन गरिएको लोककथन छ।

इन्द्रचोक, किलागल र नरदेवीमा पनि इन्द्रको मूर्तीलाई त्यसरी नै अग्लो डबली बनाई प्रदर्शनमा राखिन्छ। इन्द्रजात्राकै अवसरमा मध्यरातमा इन्द्रचोकमा रहेको किराँती राजा यलम्बरको शीर भनिने आकाशभैरवको मूर्तीलाई मन्दिरको बाहिर खट बनाएर राखि विभिन्न प्रकारका फूलले सिंगारेर पूजा गरिन्छ। यो मुर्ती मर्हजन हरुको गुठीभित्र पर्ने भएकोले महर्जनहरुले पूजा गरिन्छ।

बाका देय् आजु वँटु टोलका मानन्धर गुठियारहरुको देवता हो। गुठियार जगतदास मानन्धरका अनुसार बाका देय् भनेको आधा देवता भएको र यो देवता इन्द्रको आधा रुपको रुपमा परापूर्वकाल देखि पूजा गर्दै आइरहेका बताउँछन्। ५३ जना गुठियार रहेको सो गुठिका ६, ७ जना गरी वर्षेनी रोलक्रममा पालैसित पूजा चलाउनुपर्छ। आठ दिन पूजाको लागी दिनहुं खर्च धेरै लाग्छ। आजभोलीको बजार भाउ अनुसार फुलमाला मात्र दिनको १५ हजार लाग्छ। इन्द्रजात्रा गुठिबाट थोरै रकम आउने र त्यो आएको रकम एकदिन फूलमालाले सजाउन समेत नपुग्ने जगतदास बताउँछन्। बाका देय् भैरब पुर्ण चाँदीबाट बनाइएको छ। यो भैरवलाई आठ दिन पूजाआजा गरिसकेपछि नानिचाको भोलिपल्ट न्यूरोडस्थित द्य छें मा भित्राएर पूजा गरेपछि समाप्त पारिन्छ। गुठियार यमदासका अनुसार उनले थाहा भएको देखी सो भैरवमा काटमार नचलेको बताउँछन्। यस देवतालाई विशुद्ध साकाहारीको रुपमा पनि मानिन्छ।

# पीसीआर मेसिन छ तर चलाउन अनुमति छैन, परीक्षण गर्न बाहिर जानुपर्ने बाध्यता



**रमन वन/मध्यान्ह**
सोलुखुम्बु, ५ असोज

सोलुखुम्बुको लिखुपिके गाउँपालिका ५ भकान्जेमा राखिएको पीसीआर मेसिन सञ्चालन अनुमति प्राप्त नहुँदा समस्या भएको छ।

गत आर्थिक वर्षको साउन महिनामा पीसीआर मेसिन खरिद गरिएको भएपनि अनुमति प्राप्त नहुँदा समस्या भएको हो। लिखुहाइड्रो पावरको करिब ४५ लाख लगानीमा खरिद गरिएको मेसिन सञ्चालन अनुमति नहुँदा हाईड्रोका कर्मचारी लगायत विभिन्न संघ-संस्थाका कर्मचारी लगायत विद्यार्थीहरुलाई परीक्षणको लागि बाहिर जानुपर्ने बाध्यता रहेको हाइड्रो पावरका प्रतिनिधि इन्द्रजित कार्कीले मध्यान्हलाई जानकारी दिए। कागजपत्रसहित सम्पुर्ण प्रक्रिया पुऱ्याइ स्वास्थ्य मन्त्रालयमा पेश गरेपनि मन्त्रालयले कुनै चासो नदिएको गाउँपालिका अध्यक्ष डम्बरबहादुर बस्नेतले बताए। गाउँपालिकामा पीसीआर मेसिन राखेर पीसीआर गर्न सहज भएता पनि अनुमति भएपछि समस्या भएको स्थानीयले गुनासो गरे।

# कुलमानको मुद्दामा सर्वोच्चले दिएन अन्तरिम आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक कुलमान घिसिङको नियुक्तिविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। योसँगै घिसिङलाई काम गर्ने बाटो खुलेको छ।



प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको एकल इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो। यसअघि गत भदौ ८ गते मिसिल झिकाउने आदेश दिएका उनले मंगलबार कारण देखाउ र अन्तरिम आदेश जारी नहुने आदेश सुनाएका हुन्। 'निवेदक हितेन्द्रदेव शाक्यलाई नेपाल सरकार मन्त्रिपरिषद्को गत साउन २५ गतेको निर्णयबाट नेपाल विद्युत् प्राधिकरणको उपकार्यकारी पदमा पदाधिकार राखी जल तथा ऊर्जा आयोगको सचिवालयको रिक्त विशेषज्ञ सदस्य पदमा नियुक्त गरिएको देखियो', आदेशमा भनिएको छ, 'हालको अवस्थाबाट निवेदकलाई पदबाट हटाइएको भन्ने नदेखिएकाले मागबमोजिम अन्तरिम आदेश जारी गर्न परेन।'

आदेशमा विपक्षीबाट लिखित जवाफ आएपछि तीन दिनभित्र दुवै पक्षबाट हट्न हटाउन नपाउने गरी पेशी तोक्न समेत भनिएको छ। शाक्यले आफूलाई हटाएर प्राधिकरणको कार्यकारी निर्देशकमा घिसिङलाई नियुक्त गर्ने सरकारी निर्णयलाई बदर गर्न माग गर्दै गत साउन ३२ गते वारेसमार्फत सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। गत साउन २४ गतेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरेको थियो भने गत साउन २७ मा नियुक्तिपत्र बुझ्नेलगत्तै घिसिङले काम सुरु गरेका थिए।

# तीनदिने उच्चस्तरीय कम्प्युटर तालिम सुचारु

नेपाल इन्जिनियरिङ कलेज दुवाकोट, चाँगुनारायण भक्तपुरमा उच्चस्तरीय कम्प्युटर तालिम शुरु भएको छ। विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोग र नेपाल इन्जिनियरिङ कलेजको आयोजनामा तालिम सुरु भएको तालिम निरन्तर तीन दिन चल्ने छ।

सोहि कलेजभित्रका शिक्षक, विद्यार्थीहरू लागि सुरु गरिएको तालिममा बाहिरका ६५ जना विद्यार्थीले अनलाइनबाट तालिम लिइरहेको जनाइएको छ। तालिमबाट उत्पादन हुने सफ्टवयर आयोगले नै प्रयोग गर्ने जनाइएको छ।

अन्तरक्रियाबीच हुने तालिमबाट सहभागिहरुले फ्रेमवर्कको आधारभूत उपयोग गरी डाटावेस संचालित वेभ अनुप्रयोगहरुको विकास र यसको व्यवहारिक कार्यान्वयनको आधारभूत कुरा बुझ्नका लागी मद्दत पुग्ने जनाइएको छ। प्रशिक्षार्थीहरुले तालिम पश्चात फ्रेमवर्क स्थापित गर्न र यसको सुविधाहरुको उपयोग गरेर एक वेभ अनुप्रयोग निर्माण गर्न जान्ने विश्वास गरिएको छ।

उनीहरु एक डाटावेस, ब्लेड टेम्पलेट प्रणालीको साथ मुख्य टेम्पलेट्स र प्रभावकारी ढंगबाट डाटावेस परिवर्तन गर्नको लागी माइग्रेसनको उपयोग गर्न जान्ने जनाइएको छ। साथै प्रशिक्षार्थीहरुले तालिम पश्चात फ्रेमवर्कको नियन्त्रकहरु र मार्गको बारेमा जान्ने छन्।

# ४० किलो चाँदीसहित एक जना पक्राउ

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ५ असोज

रौतहटबाट प्रहरीले ४० किलो चाँदीसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाही मलंगवा नगरपालिका २ का ३५ वर्षीय विद्यानन्द साह रहेका छन्।

काठमाडौंबाट आएको बसबाट गौर बसपार्कमा ओर्लिएका उनलाई विशेष सूचनाका आधारमा प्रहरीले पक्राउ गरेको हो। उनको साथबाट दुई वटा पोकामा रहेको उक्त परिमाणको चाँदी बरामद भएको रौतहट प्रहरीका एसपी विनोद घिमिरेले मध्यान्हलाई जानकारी दिए। उनले भने, 'युरिका इन्भेष्टमेन्ट बैंक ज्ञानेश्वर काठमाडौंबाट माँ जानकी एण्ड कृष्णा ज्वेलर्सको नाममा २० सेप्टेम्बरमा खरिद गरिएको उक्त चाँदी खरिद गरिएको विलमा देखिएको छ।' २० लाखमा खरिद गरिएको उक्त चाँदी सुनचाँदी व्यवसायीबाट परीक्षण गराएर आवश्यक अनुसन्धानको लागि राजश्व कार्यालय पथलैया बुझाउने तयारी भइरहेको एसपी घिमिरले बताए। ठूलो परिमाणमा चाँदी गौरको व्यवसायीको नाममा आएपनि उक्त चाँदीको खपत न्यून रहेको हुँदा सिमापारी भारतीय बजारतर्फ तस्करी गराउन ल्याएको हुनसक्ने प्रहरीले जनाएको छ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७३/०६/१७ मा दर्ता भएको प्रा.लि. नं. १५७०७४ को **चिण्डिटस् सर्भिसेज प्रा.लि.**, का.म.न.पा.–१४, काठमाडौं नामक कम्पनी यस कार्यालयको मिति २०७८/०६/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**भेरी अस्पताल**
नेपालगञ्ज, बाँके

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०७८/०६/०६ गते)

यस अस्पतालबाट विभिन्न मितिहरुमा आव्हान गरिएको शिलबन्दी दरभाउपत्र/बोलपत्रहरुमा पेश हुन आएका दरभाउपत्र/बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित दरभाउपत्र/बोलपत्रहरु मूल्यांकन समितिद्वारा स्वीकृतीका लागि सिफारिस भइ आएकोले निम्न बमोजिमका दरभाउपत्रदाता/बोलपत्रदाता न्यूनतम् कबोल अंकको आधारमा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृती भई सकेकोले सम्बन्धीत सबैको जानकारीको लागी यो सात दिने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.न. | विवरण | ठेक्का सूचना नं. | स्वीकृत भएको कम्पनी/फर्मको नाम, ठेगाना | जम्मा कबोल रकम (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | Cleaners Manpower Supply Work | BH/CLEANER/02/078/79 | न्यू बागेश्वरी सरसफाइ एण्ड सेक्युरिटी सर्भिसेज प्रा.लि., नेपालगंज | १५०००/– प्रति व्यक्ति प्रति महिना | बोलपत्र |
| २. | Procurement of Medicines for Covid Patients | BH/MEDI/11/078/79 | मिष्टी फर्मा प्रा.लि. नेपालगंज | ३८२८४१०.०० | दरभाउत्र |
| | | | सिद्धि विनायक फर्मास्युटिकल्स प्रा. लि., नेपालगञ्ज | १०१०६७५.०० | |

नि. मेडिकल सुपरिन्टेन्डेण्ट



**SAUDI मा रोजगार** | १. कम्पनी : FAN RUEAT AL GHORRUB FOR FURNISHED APARTMENTS शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०६/०५ चलानी नं.: ६०१६३४४० LT. No.:246029

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Room Service | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : LOLOAT AFNAN FACTORY FOR INDUSTRY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०६/०५ चलानी नं.: ६०१६३४४२ LT. No.:246028

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : REMAL ASSAWAHEL CONTRACTING & MAINTENANCE CO. शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०६/०५ चलानी नं.: ६०१६३४४१ LT. No.:246117

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 92 | 0 | स. काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : IRON TOWERS FOR TRADE शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७७/१२/३० चलानी नं.: ६०१५७१७९ LT. No.: 239104 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Car Driver | 3 | 0 | | 1500 | ४७,०७० | | | | | | | |

५. कम्पनी : BEYOND AL BENA INDUSTRIAL COMPANY शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०५/२२ चलानी नं.: ६०१६२५५४ LT. No.: 245005 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : ZAID ALI ABU-HAID SONS COMPANY FOR TRANSPORTATION शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०४/११ चलानी नं.: ६०१६०६२५ LT. No.: 243110 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 9 | 0 | | 1800 | ५६,४८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १३ गते (29 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic. No.: 787/065/066

**Rays Recruitment Pvt. Ltd.**
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

## सम्पादकीय

# बदनाम नबन

अर्थमन्त्री जनार्दन शर्माले संसदमा पेश गरेको विधेयकमा जलस्रोत, पर्यटन, खानी, कृषि लगायत १० क्षेत्रमा लगानी गर्नेहरूको २०८० सालसम्म लगानीको स्रोत नखोजिने व्यवस्था गरिएको बताएका छन् । यसले आर्थिक र राजनीतिक क्षेत्रमा तरंग उत्पन्न गरेको छ । सरकारले लगानीकर्तालाई आकर्षित गर्न त्यसो गरिएको भनिए पनि सरोकारवालाहरूले भने असहमति जनाएका छन् । सरोकारवालाहरूका अनुसार, यदि यो निर्णय फिर्ता भएन र लगानीको स्रोत खोजी नगर्ने प्रावधान लागू भयो भने ' कालो धन'लाई वैधानिकता दिनेछ । त्यसबाट भ्रष्टाचार र विभिन्न अपराधकर्म गरेर 'कालो धन' जम्मा गरेकाहरूलाई सहज हुनेछ । फलस्वरूप देशको आर्थिक क्षेत्र अहिलेको तुलनामा थप चलायमान भएपनि थप समस्याहरू सिर्जना हुनेछ ।

पछिल्ला केही वर्ष यता संयुक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय संघ संस्थाले 'कालो धन' बिरूद्ध कठोर नीति अपनाउंदै आइरहेका छन् । उनीहरूले आफ्ना सदस्यहरूलाई 'कालो धन'लाई छुट नदिन विभिन्न दवाव दिंदै आएका छन् । त्यसको प्रभाव स्वरूप सरकारले सम्पत्ति शुद्धिकरण विभाग, नेपाल राष्ट्र बैंक लगायत निकायहरू मार्फत् कालोधन नियन्त्रणको विभिन्न प्रयास गर्दै आएको छ । तर, ती प्रयासहरू अपूर्ण भएको भन्दै बेला–बेलामा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको आलोचना हुने गरेका समाचारहरू आउने गरेका छन् ।

यस्तो बेलामा सरकारले फेरि 'पूर्वाधारमा लगानी बढाउन' भन्दै 'कालो धन'लाई वैधानिक बनाउन सहज हुनेगरी कानूनी प्रावधान लागू गर्न खोज्नुलाई पक्कै पनि सही कदम मान्न सकिदैन । सरकारको यो निर्णयले लगानी बढेपनि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको थप बदनाम हुने र सम्पत्ति शुद्धिकरणको क्षेत्रमा काम गरिरहेकाहरू प्रतिबन्धमा पर्न सक्ने खतरा बढाएको छ । अर्कोतर्फ, दीर्घकालीन रूपमै नेपालको आर्थिक अवस्थालाई गलत दिशातर्फ डोऱ्याउने निश्चित छ । प्राकृतिक सुन्दरताले भरपूर्ण 'सुन्दर शान्त नेपाल' लाई कालो बजारिया र माफियाहरूको देशको रूपमा चिनाउने अवस्था कदापी सिर्जना गरिनु हुन्न । त्यहीकारण सरकारले क्षणिक लाभहानी हेर्ने होइन, दीर्घकालीन रूपमा पर्न सक्ने प्रभावलाई ख्याल गर्न जरूरी छ । यसको अर्थ उक्त निर्णय फिर्ता लिनु उपयुक्त हुन्छ । त्यसैपनि मुलुक कसैको दानदक्षिणाबाट नभएर जनताको सामर्थ्य र विश्वासको जगमा उभिने हो । समृद्ध बन्ने हो ।

## सामाजिक सञ्जाल



एमसीसी सम्झौताका बारेमा राजनीतिक नेतृत्व तहमा 'अहिले हतार नगरौं' भन्ने मनोविज्ञान विकास हुँदैछ । आम नागरिकका चिन्ता, चाँसो र प्रश्नको चित्तबुझ्दो जवाफ एमसीसी पक्षधरसँग छैन । तथापी केहि बौद्धिकहरूको एमसीसीलाई संसदबाट जस्ताको तस्तै पास गराउने 'छटपटी' भने उदेक लाग्दो छ ।

**- सुर्यराज आचार्य**



४९ जनालाई नै मन्त्री चाहिया छ, म तनावमा छु । कहिले काहीँ त मलाई माओवादी बिघटन गरौ जस्तो लाग्छ । माओवादीको एमालेकरण हुने डर भो । परेका बेला हाम्रा कार्यकर्ता कतै देखिदैनन् । कहिले काहीँ त म अब एक्लै पर्छु कि झै भान हुन थाल्या छ । हामी सच्चिएनौ भने सिद्धिन्छौ । – प्रचण्डलाई तनाव कति ?

**- प्रेम चापागाईं**




हैट ! मदन भण्डारीको जनताको बहुदलीय जनवाद भनेको रातदिन अरूलाई सराप्ने हो कि क्या हो ? जनताको बहुदलीय जनवादका उत्तराधिकारी बार्दलीबाले हिजोआज अरूलाई सराप्नेभन्दा अरू केहि गर्दैनन् त । हुन त झिंगाले सरापेर गाई मर्दैन भन्छन् ।

**- खगोल गौतम**



लामो दूरीमा चल्ने डिलक्स, एसीलगायतकाा सार्वजनिक सवारी साधनमा छुटको व्यवस्था गरिएको देखिँदैन । साधारण श्रेणीका बसहरूमा ५ जना विद्यार्थीलाई छुट दिने चलन छ । छोटो दूरीका बसहरूमा छुट माग्दा गाडीवालाले नाक खुम्च्याउँछन् । ३३ प्रतिशत हुँदा सबैले पाउँथे, ४५ प्रतिशत भएसी कसैले नपाउने भए ।

**- निरञ्जन पन्त**



समकालीन साथीहरूले उपाधी पाएपछि अन्य कलाकारको चित्त नदुख्ने कुरै भएन । परिणामस्वरूप– एक कार्यक्रममा सोभित बस्नेतले भुवन केसीलाई, भुवन केसीले शिव श्रेष्ठ र गौरी मल्ललाई ' महानायक/महानायिका' घोषणा गर्दिए ! भुवनले राजेश हमाललाई दिएको 'महानायक' उपाधिप्रतिको मनको भडास मज्जाले पोख्न पाए ।

**- प्रेम जि मगर**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# गोञ्जालोबाट सिक्नुपर्ने पाठ

**नेपालका कम्युनिस्ट आवरणभित्रका कम्युनिस्ट नेताहरु रुपान्तरण भएर निहित व्यक्तिगत स्वार्थका लागि जे पनि गर्न तयार हुने, परिवारवाद, फरियावादमा चुर्लम्मै डुबेर नेपाली कम्युनिस्टहरुको संसारसामु बदनाम गराइरहेका छन् । यिनिहरु नै आज संसारका सबैभन्दा भ्रष्ट नेताहरुको लिस्टमा आफ्नो नाम लेखाउन र देखाउन सफल भएका छन् ।**



● हस्तबहादुर केसी

दर्शनशास्त्रका प्राध्यापक डा. अबिमेल गुज्म्यान रेनोसो अर्थात् पेरु कम्युनिस्ट पार्टी साइनिङ पाथ (सेनडेरो लुमिनोसो) का अध्यक्ष गोञ्जालोले माओकै शब्दमा साँच्चिकै 'ताई पहाड' विश्व कै सबैभन्दा उच्च शिखर सगरमाथाभन्दा पनि गह्रौं मृत्युवरण गर्नु भएको छ । किनभने गोञ्जालो महान् पेरुको सशस्त्र जनयुद्धको नेतृत्व गरिरहेकै अवस्थामा, जब पेरुभियाली जनयुद्ध प्रत्याक्रमणको अवस्थामा पुगेर केन्द्रीय सत्ता कब्जा गर्नको निम्ति तयारी योजना बनाइरहेको अवस्थामा राजधानी लिमाबाट सन् १९९२ सेप्टेम्बर १२ का दिन अमेरिकी छाँयाको सरकारले आफू एक्लैले नसकेर अमेरिकी सहयोगमा गिरफ्तार गरेर सैनिक जेलमा नजरबन्द गरेको थियो र उहाँलाई आजीवन काराबासको फैसला सुनाएको थियो ।

त्यसयता २९ वर्षसम्म अमेरिकी पिठ्युँ पेरुको सरकारले पेरुको नौसेना आधार इलाकामा रहेको कालाओ सैनिक जेलको पिँजडा घरमा कैदी नम्बर १५०९ को बन्दी बनाएर राख्दै आएको थियो । उहाँ लामो समयदेखि छालाको क्यान्सर रोगले पीडित हुनुहुन्थ्यो तर, अमेरिकी छाँया सरकारले उहाँको उचित उपचार गर्ने मौका नदिएर धेरै वर्षदेखि उहाँको जीवन असुरक्षित बन्न पुगेको थियो । त्यस प्रकारको अवस्थामा पुगेपछि विश्वभरका कम्युनिस्ट पार्टीहरु, मानवअधिकारवादी संघ संस्था र व्यक्तिहरुले गोञ्जालोको जीवनरक्षाका लागि विश्वव्यापी रुपमा आवाज उठाउँदै आएका थिए ।

तर, गिरफ्तार भएको २९ वर्ष पुग्न १ दिन मात्र बाँकी रहेकै बेला यही सन् २०२१ सेप्टेम्बर ११ दिन कमरेड गोञ्जालोको अमेरिकी पिठ्युँ पेरु सरकारको एक सैनिक अस्पतालमा उपचार कै क्रममा ८६ वर्षको उमेरमा दुखद् निधन भएको । गोञ्जालोको निधनले विश्वभरका कम्युनिस्टहरु र आममुक्तिकामी जनसमुदायलाई स्तब्ध र दुखित तुल्याउनुका साथै अपुरणीय क्षति पुऱ्याएको छ । पेरुका क्रान्तिकारी माओवादीहरु र आम पेरुभियाली मुक्तिकामी जनताले आफ्नो क्रान्तिकारी योद्धा, नेता त भरपर्दो अविभावक गुमाएका छन् भने विश्वभरका क्रान्तिकारी कम्युनिस्टहरुले एक सिद्धान्तनिष्ट गुरु, सिद्धान्तकार र असल अविभावक गुमाएका छन् । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा गोञ्जालोले महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । उहाँकै नेतृत्वमा पेरु कम्युनिस्ट पार्टी 'साइनिङ पाथ' सन् १९८० देखि सन् १९९२ सम्म जम्मा १२ वर्षमा पेरुमा सशस्त्र जनयुद्ध सञ्चालन भएको थियो ।

१२ सेप्टेम्बर १९९२ का दिन अमेरिकी कठ्पुतली फुजिमोरी नेतृत्वको सरकारले राजधानी लिमाबाट गोञ्जालोलाई गिरफ्तार गरी सैनिक जेलमा कैदी नम्बर १५०९ को बन्दी बनाएर कैद गरी आजीवन कारावासको सजाय सुनाएपश्चात् पेरुको सशस्त्र जनयुद्धले सेडव्याक खान पुगेको थियो । कमरेड गोञ्जालोले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा दिएको योगदानको चर्चा गरिरहँदा संक्षिप्त रुपमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको छोटो चर्चा गर्दा सान्दर्भिक नै होला ।

> पद, प्रतिष्ठा र पैसाका लागि जे पनि गर्न तयार हुने, देशका नदी-नाला बेच्ने, देशको सिमानासमेत बेच्न तयार हुने, आफ्नो निहित व्यक्तिगत स्वार्थपूर्तिका लागि वैदेशिक शक्तिहरुका सामु लम्पसार परेर आत्मसमर्पण गर्नेहरु आफूलाई कम्युनिस्ट भनिरहन, कम्युनिस्ट पार्टीको झण्डा फहराउन नछाडे कम्युनिस्ट आवरणभित्रका नेपालका नेताहरूले गोन्जालोबाट सिक्ने विषयहरु के-के होलान् ? यी प्रश्नहरुको ठिक जवाफ के होला ?



### अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहास भनेको कम्युनिस्ट आन्दोलनभित्र मार्क्सवाद र संशोधनवादका बीचमा चलेको भीषण दुई लाइन संघर्षको इतिहास हो । सन् १८४६ मा कम्युनिस्ट लिगको गठन भएको थियो । यो नै कम्युनिस्ट पार्टीको पहिलो संगठन हो । सन् १८३७ मा कम्युनिस्ट लिगको लण्डनमा पहिलो महाधिवेशन सम्पन्न भयो । त्यसमा कार्लमार्क्स (१८१८-१८८३) र फ्रेडरिक एंगेल्स (१८२०-१८९५)ले भाग लिनुभयो । उक्त महाधिवेशनले मार्क्स र एंगेल्सलाई कम्युनिस्ट घोषणापत्रको मस्यौदा लेख्ने जिम्मा दियो । उहाँहरुले एक वर्ष लगाएर तयार पारेको उक्त मस्यौदालाई सन् १८४८ फेब्रुअरी २१ का दिन कम्युनिस्ट लिगको तर्फबाट लण्डनमा कम्युनिस्ट घोषणापत्र जारी गर्नुभयो । त्यसपछि विश्व सर्वहारा वर्ग र समस्त श्रमजीवी वर्गले आफ्नो वर्गको मुक्तिको पथप्रदर्शक सिद्धान्त प्राप्त गर्न सफल भयो ।

सन् १८५२ मा मार्क्स - एंगेल्सले कम्युनिस्ट लिगलाई विघटन गर्नुभयो । र, सन् १८६४ मा पहिलो अन्तर्राष्ट्रियको गठन गर्नुभयो । त्यसमा लासाल, प्यूँधोजस्ता अवसरवादी र बाकुनियन, ब्लांकीजस्ता अराजकतावादीहरु उक्त अन्तर्राष्ट्रियम घुस्न पुगेपछि मार्क्सले सन् १८७२ मा पहिलो अन्तर्राष्ट्रियको पनि विघटन गरिदिनुभयो । सन् १८७१ मा पेरिस कम्युनको निर्माण भएर ७२ दिन पछि पेरिस कम्युनिस्ट ढलेको भए पनि पेरिस कम्युन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा एक युगान्तकारी परिघटना थियो । पेरिस कम्युनको असफलताबाट समेत शिक्षा लिँदै मार्क्स - एंगेल्सले मार्क्सवादको रक्षा, प्रयोग र विकास गर्ने कार्यलाई अगाडि बढाउनु भएको थियो । तर, सन् १८८३ मार्च १४ का दिन लण्डनमा मार्क्सको दुःखद् निधन भयो । मार्क्सको निधनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले अपुरणीय क्षति बेहोर्न बाध्य भयो । त्यसपछि मार्क्सवादको रक्षा, प्रयोग र विकास गर्ने ऐतिहासिक कार्यभार एंगेल्सको काँधमा आयो । सन् १८८९ मा एंगेल्सको नेतृत्वमा दोस्रो अन्तर्राष्ट्रियको गठन गरियो । सन् १८९५ अगस्ट ६ का दिन एंगेल्सको पनि निधन भयो । उहाँको निधनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा गम्भीर क्षति पुऱ्यायो । एंगेल्सको निधन भएको ठीक एक वर्ष पछि दोस्रो अन्तर्राष्ट्रियको नेता बर्नस्टिनले मार्क्सवादमाथि संशोधनवाद घुसाएर मार्क्सवादमाथि भीषण हमला गरे । उनले मार्क्सवादमाथि शास्त्रीय संशोधनवादको विजारोपण गरे ।

दोस्रो अन्तर्राष्ट्रिय नेतृत्व भी.आई. लेनिनको काँधमा आयो । दोस्रो अन्तर्राष्ट्रिय पनि सन् १०१४ मा विघटन गरियो । सन् १९१७ अक्टोबर २५ (नोभेम्बर ७) का दिन लेनिनको नेतृत्वमा महान् रुसी अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । अक्टोबर क्रान्तिकारी एक युगान्तकारी परिघटना थियो । सन् १९१९ मा लेनिनको नेतृत्वमा तेस्रो अन्तर्राष्ट्रिय (कोमिन्टर्न) को गठन गरियो । सन् १९२४ जनवरी २३ का दिन लेनिनको पनि निधन भयो । लेनिनको निधनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा गम्भीर क्षति पुऱ्यायो । लेनिनको निधनपश्चात् तेस्रो अन्तर्राष्ट्रियको नेतृत्व गर्ने र रुसी मोडलको समाजवादलाई अगाडि बढाउने जिम्मा स्टालिनको काँधमा आयो । दोस्रो विश्व युद्ध चलिरहेकै अवस्थामा सन् १९४३ डिसेम्बर १० का दिन स्टालिनले तेस्रो अन्तर्राष्ट्रियको पनि विघटन गर्नुभयो । त्यसपछि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन नेतृत्व विहीन अवस्थामा पुग्यो । सन् १९४७ मा स्टालिनले 'कोमिफर्म' नामक अन्तर्राष्ट्रियको गठन गर्नुभयो । पछि त्यो प्रयोगमा आएन । सन् १९५३ मार्च ५ का दिन कमरेड स्टालिनको मृत्यु भयो । स्टालिनको मृत्युले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई अपुरणीय क्षति पुऱ्यायो ।

> २९ वर्षसम्म अमेरिकी पिठ्युँ सरकारले पेरुको नौसेना आधार इलाकामा रहेको कालाओ सैनिक जेलको पिँजडा घरमा कैदी नम्बर १५०९ को बन्दी बनाएर राख्दै आएको थियो । उहाँ लामो समयदेखि छालाको क्यान्सर रोगले पीडित हुनुहुन्थ्यो तर, उहाँको उचित उपचार गर्ने मौका नदिएर धेरै वर्षदेखि उहाँको जीवन असुरक्षित बन्न पुगेको थियो ।

यसको ठिक तीन वर्षपछि सन् १९५६ मा रसियन कम्युनिस्ट पार्टी (बोल्सेविक) २० महाधिवेशनको आयोजना गरियो । उक्त महाधिवेशनमा महासचिव निकिता खुश्चोबले आधुनिक संशोधनवाद घुसाएर मार्क्सवाद - लेनिनवादमाथि भीषण हमला बोलेर प्रतिक्रान्ति गरेर रुसमा पुँजीवादको पुनर्स्थापना गरे । यसरी खुश्चोबलाई आधुनिक संशोधनवादका पिता भनिन्छ । खुश्चोबी आधुनिक संशोधनवादको माओले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनभित्र महान् बहस चलाउनु भएको थियो । अर्कोतिर सन् १९५६ मा चीनमा आठौं महाधिवेशनको आयोजना गरियो । चीनमा पनि खुश्चोबका असली चेलाहरु ल्यू शाओ ची र देङ शाओ पिङ गुटले पुँजीवादी कार्यदिशा घुसाए पछि चीनमा प्रतिक्रान्ति हुन गई पुँजीवादको पुनर्स्थापना हुन गयो । चीनमा पार्टीभित्र र सत्ताभित्र घुस्न सफल भएका दक्षिणपन्थी संशोधनवादीहरुका विरुद्ध 'हेडक्वाटरमा बमबाडी' गर भन्ने मूल नाराका सन् १९६६ देखि १९७६ सम्म महान् चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभयो र सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो । सन् १९७६ सेप्टेम्बर ९ का दिन कमरेड माओको पनि मृत्यु भयो । कमरेड माओको मृत्युले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा अपुरणीय क्षति हुन गयो । कमरेड माओको मृत्यु भएको ठिक एक महिना पछि 'ग्याङ अफ फोर' का चारैजना नेताहरु चाङ चुङ चियाओ, चियाङ चिङ, वाङ हुङ वेन र याओ वेन युआनलाई गिरफ्तार गरेर आजीवन जेलमा कोचेर चीनमा प्रतिक्रान्ति गरियो र पुँजीवादको पुनर्स्थापना गरियो ।

### कम्युनिस्ट आन्दोलनमा गोञ्जालोको योगदान

